


राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

चाडपर्व हाम्रा साँस्कृति पहिचान,
मद्यपान र जुवातास विकृतिका मुहान ।

नेपाल सरकार
विज्ञापन बोर्ड

❑ वर्ष २२ ❑ अङ्क २६२ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ असोज १७ गते आइतबार ❑ 3 Oct. 2021 ❑ पृष्ठ ४ ❑ मूल्य रू. २।-

## धार्मिक पर्यटन प्रदेश समृद्धिको आधार : मुख्यमन्त्री पोखरेल

**पोखरापत्र संवाददाता**
**पोखरा, १६ असोज**

गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले धार्मिक पर्यटन प्रदेश समृद्धिको आधार रहेको बताएका छन् । विन्ध्यवासिनी धार्मिक क्षेत्र विकास समितिले प्रदान गर्ने हेमदेवी धर्म, संस्कृति, तथा समाजसेवा पुरस्कार अर्पण तथा बधाई समारोहमा मुख्यमन्त्री पोखरेलले नवलपुरको त्रिवेणी, गजेन्द्रमोक्ष धामदेखि मुस्ताङको दामोदरकुण्डसम्मको क्षेत्रलाई धार्मिक करिडोरको रुपमा विकास गर्न सकिने बताएका हुन् ।



प्रदेशभर रहेका धार्मिक पिठका प्रमुखहरुलाई एक ठाउँमा भेला गराएर संयुक्त अवधारणा बनाएर धार्मिक पर्यटन प्रवर्द्धन गर्न सकिने मुख्यमन्त्री पोखरेलको भनाइ थियो। धर्मलाई संस्कृति, समाजसेवा र विविध क्रियाकलापमा जोड्न सके आर्थिक क्रियाकलाप समेत बढ्ने उनको भनाइ थियो ।

कालीगण्डकी नदी केबल नदी नभएर सभ्यता, संस्कृति र सम्पदा रहेको भन्दै उनले भने, 'यसैको महत्व र सम्भाव्यता अध्ययनका लागि गण्डकी प्रदेश सरकारले समिति गठन गरेको छ, कालीगण्डकीलाई विश्व सम्पदा सूचीमा सूचीकृत गर्नका लागि समेत हामी पहल गर्छौं । धर्मलाई सामाजिक क्षेत्र, शिक्षा र विकासका गतिविधिसँग जोड्न सकिन्छ भन्ने उदाहरण विन्ध्यवासिनी धार्मिक क्षेत्र विकास समितिले प्रस्तुत गरेको भन्दै प्रदेशका अन्य पिठहरुले समेत यसको अनुकरण गर्न आग्रह गरे । मन्दिर परिसरलाई व्यवस्थित बनाउने मात्र नभइ गुरुकुल, प्राकृतिक चिकित्सालय, ज्येष्ठ नागरिक सेवा केन्द्र सञ्चालन गरेको भन्दै उनले समितिको कार्यको प्रशंसा गरे । प्रदेश समृद्धिको पहिला आधार नै पर्यटन भएकाले कोरोनाले आक्रान्त बनाएको यस क्षेत्रलाई चलायमान बनाउन नेपालस्थित राजदूहरुलाई गण्डकी सरकारले पोखरा बोलाएर विशेष कार्यक्रम गरेको पनि उनले स्मरण गरे । कार्यक्रममा सम्मानित व्यक्तित्व वरिष्ठ लोकसंस्कृतिविद् एवं कवि तुलसी दिवसले धर्मसँग जोडिएको संस्थाले संस्कृति र समाजसेवाको क्षेत्रलाई अगाडि बढाउन देखाएको क्रियाशीलताप्रति उनले प्रशंसा गरे । सिर्जनशीलताकै कारण मानव जीवन सार्थक हुने भन्दै कला, साहित्य, संस्कृतिको क्षेत्रमा लागेका व्यक्ति कहिल्यै पूर्व नहुने भनाइ राखे । धार्मिक क्षेत्र विकास समितिका अध्यक्ष गणेशबहादुर श्रेष्ठले लामो आरोहअवरोह पार गरेर समिति अहिलेको अवस्थामा आइपुगेको बताए । समितिका क्रियाकलापलाई अझ प्रभावकारी बनाउन आफूहरु अहोरात्र खटिएको भनाइ उनले राखे । समिति सचिव तीर्थ श्रेष्ठले लकडाउनको सदुपयोग गर्दै विन्ध्यवासिनी माताको मूर्ति जिर्णोद्धार गरिएको बताए । निकै जीर्ण भएको मुर्ति पुरातत्व विभागको स्वीकृतिमा जिर्णोद्धार गरिएको भन्दै उनले अब मुर्तिमा अक्षता र फूल चढाउन रोक लगाइएको जानकारी गराए । मन्दिर परिसरमा रहेको पोखराकै पुरानो तहसिल भवन पुनर्निर्माण, प्राकृतिक चिकित्सालय निर्माण, गुरुकुल भवन निर्माणका काम पनि भइरहेको सचिव श्रेष्ठले बताए । अब विन्ध्यवासिनीमा रात्रिकालीन पूजा सञ्चालनका लागि बिजुलीको प्रबन्ध गर्न लागिएको उनले जानकारी गराए । समितिका पूर्व अध्यक्ष हेमबहादुर प्रधानले स्थापना गरेको हेमदेवी धर्म, संस्कृति, तथा समाजसेवा पुरस्कार यो वर्ष वरिष्ठ लोकसंस्कृतिविद् एवं कवि तुलसी दिवसले प्राप्त गरेका छन् । यो पुरस्कार हरेक २ वर्षमा प्रदान गरिन्छ। २०७६ को यो पुरस्कार महिला सशक्तीकरणकामा सक्रिय दुर्गा घिमिरेलाई प्रदान गर्न निर्णय भए पनि उनी उपस्थित हुन सकिनन् । समिति सचिव तीर्थ श्रेष्ठले घिमिरेको घरमै पुगेर पुरस्कार अर्पण गरिने जानकारी गराए । पुरस्कारको राशि १ लाख रुपैयाँ छ । उक्त अवसरमा गण्डकी प्रदेशका मुख्य न्यायाधिवक्त रोहितराज बास्तोलाई बधाई अर्पण समेत गरिएको थियो । बास्तोला समितिका कानुनी सल्लाहकार हुन् । बास्तोलाले मन्दिरका नाममा भएका जमीनको अवस्था पत्ता लगाएर त्यसको व्यवस्थापन गर्न आफूले सक्दो मेहनत गरेको बताए ।

१९९८ असारमा धनकुटामा जन्मिएका दिवससानैदेखि कला, साहित्य, संस्कृतिमा रुचि राख्ने दिवस उच्च शिक्षको अध्ययनसँगै साहित्यतर्फ मोडिएका थिए । उनी संस्कृतिको अनुसन्धानमा पनि अनवरत क्रियाशील छन् । लामो समय प्राध्यापनमाबिताएका दिवसले विभिन्न जातजाति र संस्कृतिको अनुसन्धान गरेका छन्। दिवसका नेपाली लोक कथा, नेपाली लोककथा केही अध्ययन, धिमाल प्रदर्शनकारी लोकसंस्कृति, धिमाल लोकधर्म र संस्कृति, तुलसी दिवसका कविता, भारतबाट तुलसी दिवस की कविताएँ जस्ता कृतिहरु प्रकाशित छन् ।

दुर्गा घिमिरे ४ दशकभन्दा लामो समयदेखि महिला बेचबिखनविरुद्ध तथा महिला सशक्तीकरणका क्षेत्रमा क्रियाशील छन्। 'घिमिरेले महिला बेचबिखन तथा सशक्तीकरणको क्षेत्रमा लामो समयदेखि योगदान दिएकी छन् । २००५ साल वैशाख ३ गते सुनसरीको धरानमा जन्मेकी दुर्गा घिमिरेले त्रिभुवन विश्वविद्यालयबाट अर्थशास्त्रमा एमए र त्रिभुवन विश्वविद्यालयबाटै कानुनमा स्नातक गरेकी छन् । २०३३ सालदेखि सामाजिक सेवा र महिला अधिकारको क्षेत्रमा उनी क्रियाशील छन् ।

## जित्ने र हार्ने मिलेर एकताको यात्रा अगाडि बढाउनुपर्छ : वरिष्ठ नेता पौडेल

**पोखरापत्र संवाददाता**
**दमौली, १६ असोज**

नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले कांग्रेस महाधिवेशनमा जित्ने र हार्ने दुवै मिलेर एकताको यात्रा अगाडि बढाउनुपर्ने बताउनुभएको छ । कांग्रेसको भानु नगर समितिको शनिबार आयोजित पदस्थापन कार्यक्रममा उहाँले जीत र हारलाई स्वभाविकरुपमा लिएर एकता र सद्भावको यात्रा बढाउनुपर्नेमा जोड दिनुभयो ।

"जित्नेलाई बधाई र हार्नेलाई सहानुभूति मात्र होइन, जीत र हारलाई सहजरुपमा लिएर सद्भाव, एकता र मेलमिलापको यात्रामा अगाडि बढ्नुपर्छ", पौडेलले भन्नुभयो, "तबमात्र कांग्रेस बलियो बन्छ ।" लोकतन्त्र बचाउने भनेको कांग्रेसले मात्र भएको उल्लेख गर्दै उहाँले कम्युनिष्टबाट लोकतन्त्र बच्न नसक्ने जिकिर गर्नुभयो । "देशमा लोकतन्त्र बचाउने काम कांग्रेसले जिम्मेवारीपूर्वक बहन गर्नुपर्छ, त्यसको अभिभारा कांग्रेसलाई आइपरेको छ", उहाँले भन्नुभयो ।

सिंहदरबारका अधिकार गाउँगाउँमा आएको प्रसङ्ग उल्लेख गर्दै नेता पौडेलले कांग्रेसको नेतृत्वमा ल्याएको संविधानमाथि आक्रमण हुनसक्ने भएकाले परिवर्तन बचाउनका लागि अझै पनि सङ्घर्ष गर्न बाँकी रहेको बताउनुभयो । नेपालमा अझै पनि लोकतन्त्र सुनिश्चित नभइसकेको र लोकतन्त्रका लागि लडाई गर्न अझै बाँकी रहेको उहाँले टिप्पणी गर्नुभयो। "नेपाललाई कमजोर बनाउने षड्यन्त्र भइरहेको छ, त्यसकाविरुद्धमा कम्मर कसेर लाग्नुपर्छ", उहाँले भन्नुभयो । एमाले जिम्मेवार प्रतिपक्ष बन्नुपर्ने नेता पौडेलको भनाइ थियो । कार्यक्रममा संविधानसभा सदस्य रामचन्द्र पोखरेल, भानु नगरपालिकाका प्रमुख उदयराज गौलीलगायतले आ-आफ्नो धारणा राख्नुभएको थियो । सो अवसरमा भानु नगरसमितिका नवनिर्वाचित सभापति रामकुमार श्रेष्ठ नेतृत्वको समितिलाई पदस्थापन गराइएको थियो ।

## प्रदेश चलचित्र वोर्ड गठनका लागि पहल गर्छु:मन्त्री बराल



**पोखरापत्र संवाददाता**
**पोखरा, १६ असोज**

गण्डकी प्रदेशका अर्थ मन्त्री रामजी प्रसाद बराल जीवनले प्रदेश चलचित्र वोर्ड गठन गर्न पहल गर्ने बताउनु भएको छ ।

गुरुङ फिल्म एशोसिएशन नेपाल (जिफान) को शनिबार पोखरामा सम्पन्न भएको सातौं राष्ट्रिय महाधिवेशनको उद्घाटन गर्दै मन्त्री बरालले देश संघियतामा गएसंगै चलचित्र क्षेत्रको बृद्धि विकासको लागि प्रदेशमा चलचित्र वोर्ड आवश्यक भएकोले त्यसको गठनको लागि आवश्यक पहल गर्ने बताउनु भएको हो ।

चलचित्रकर्मीहरुले प्रादेशिक रुपमा चलचित्र वोर्ड गठनको लागि माग गर्दै आएको सन्दर्भमा मन्त्री बरालले आदिवासि जनजातिहरुको कला संस्कृति संरक्षण सहितको चलचित्रको मर्म र भावना अनुसार अघि बढाउनको लागि प्रदेश स्तरमै चलचित्र वोर्डको आवश्यक भएको दाबी गर्नुभयो । आदिवासि जनजातिको कला संस्कृति नेपाली पहिचान भएकोले त्यसको संरक्षणको लागि निर्माण हुने फिल्म क्षेत्रलाई अघि बढाउन प्रदेश सरकारले सहयोग गर्ने मन्त्री बरालले आश्वासन दिनु भयो । अन्य फिल्म भन्दा

**बाँकी अन्तिम पृष्ठमा ▶▶**

## गण्डकी विश्वविद्यालयमा दुई वर्षपछि पढाई सुरु

**पोखरापत्र संवाददाता**
**पोखरा, १६ असोज**

गण्डकी विश्वविद्यालयले स्थापनाको दुई वर्षपछि पढाइ सुरु गर्ने भएको छ । विश्वविद्यालयले आइतबारदेखि पठनपाठन सुरु गर्ने तयारी गरेको हो ।

नेपालमै पहिलो पटक खेलकूद विषयमा स्नातक तह 'ब्याचलर्स इन स्पोर्टस् म्यानेजमेन्ट' (बिएसएम) र ब्याचलर्स इन इन्फरमेशन टेक्नोलोजी (बिआइटी) विषयको पढाइ सुरु गर्नुअघि विश्वविद्यालयले पहिलो सत्रमा भर्ना भएका विद्यार्थीलाई उत्प्रेरणा र अभिमुखीकरण कार्यक्रम आयोजना गरेको छ । कार्यक्रम शुभारम्भ गर्दै विश्वविद्यालय न्यायिक परिषद्का अध्यक्ष डा दिनेशचन्द्र देवकोटाले विद्यार्थीको उज्ज्वल भविष्यको कामना गर्दै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिष्पर्धामा जान सक्ने गरी जनशक्ति उत्पादन गरिने धारणा व्यक्त गर्नुभयो । "नेपालको इतिहासमा पहिलो पटक विश्वविद्यालयमा यति ठूलो आकर्षण देखिनु हामी सबैका लागि गौरवको विषय हो", उहाँले भन्नुभयो, "गण्डकी प्रदेशको विशिष्टतालाई ध्यान दिँदै कुनकुन मोडलमा अध्यापन गराउन सकिन्छ त्यसबारे विश्वविद्यालय गम्भीर भएर अगाडि बढ्नेछ।" 'नोलेज', 'एटिच्युड' र 'इन्डिभिजुअल विहेभियर'मा परिवर्तन गर्नसके शिक्षाका माध्यमबाट मुलुकलाई नै परिवर्तन गर्न सकिने बताउँदै यसका लागि गण्डकी प्रदेश सरकारसँग अझै छलफल गरेर अघि बढ्ने अध्यक्ष देवकोटाको भनाइ थियो। गण्डकी प्रदेशका मुख्य सचिव डा दामोदर रेग्मीले विश्वविद्यालय स्थापनाको सुरुआतमै स्नातक तहमा खेलकूद व्यवस्थापनको अध्ययन सुरु हुनु खुसीको विषय भएको बताउनुभयो। गण्डकी प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष डा रघुराज काफ्लेले प्रदेशको विशिष्टितालाई आत्मसात् गर्दै प्रदेशको समृद्धिका लागि विश्वविद्यालयले आफ्ना योजना अघि बढाउने बताउनुभयो । हालका लागि दुई विषयमा अध्ययन शुरु गरिए पनि चाँडै नै बिफर्माको अध्यापन सुरु गरिने जानकारी दिँदै उपकुलपति प्रा डा नवराज देवकोटाले युरोप तथा अमेरिकाका ख्यातिप्राप्त विश्वविद्यालयसँग सम्झौता गरी विद्यार्थीलाईअन्तर्राष्ट्रियस्तरकोअध्ययन अध्यापनमा जोडने तयारी गरिरहेको बताउनुभयो । उक्त विश्वविद्यालयमा स्नातक तह 'ब्याचलर्स इन स्पोर्टस म्यानेजमेन्ट' (विएसएम)मा १६, ब्याचलर्स इन इन्फरमेशन टेक्नोलोजी (विआइटी)मा ३१ र विफर्मामा २० गरी ६७ विद्यार्थी भर्ना भएका छन् ।



# कोन सामुदायिक सहकारीको २३ औ साधारण सभा सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, १६ असोज

पोखरा महानगरपालिका वडा नं १३ भद्रकाली चोक स्थित कोन सामुदायिक बचत तथा ऋण सहकरी संस्था लि.को २३ औ साधारण सभा शनिवार सम्पन्न भयो।

कोभिड १९ को कारण श्रृजित विषम परिस्थितीलाइ मध्यनजर गरी सुरक्षा मापदण्ड अपनाइ गत बुधवारदेखी सभा सुरु भएको थियो।

समापन समारोहकको कोन सामुदायिक बचत तथा ऋण सहकरी संस्था लिका मानार्थ सरक्षक तथा निवर्तमान अध्यक्ष शरदकान्त सिग्देलले सभाको उद्घाटन गर्दै सवैको सहयोगले आज सहकारी अगाडि बड्न सफल भएको चर्चा गरे। समय समयमा सामाजिक कार्यसँगै सदस्यहरुलाइ अनुभुति हुने क्रियाकलापले संस्था प्रति सवैको माया ममता रहेको निवर्तमान अध्यक्ष सिग्देलले वताए। कार्यक्रममा सचिव शान्तकुमार श्रेष्ठले पस्तुत गरेको सचिवको प्रतिवेदन, कोषाध्यक्ष जयप्रसाद सापकोटा अनुरोधमा उपाध्यक्ष माधवप्रसाद सिग्देलवाट प्रस्तुत कोषाध्यक्षको प्रतिवेदन र लेखा सुपरिवेक्षण समितिका संयोजक ज्ञानेन्द्रप्रसाद सिग्देलको वार्षिक प्रतिवेदन सोही सभावाट पारित भएको छ।





सहकारी स्थापनामा सहभागी व्यक्ति देखि भद्रकाली चोकमा सुरु भएपछि आज सम्मका सवै अग्रजहरुलाइ स्मरण गरे। कार्यक्रममा सहकारीका महाप्रवन्धक अपिल कोइरालाले २३ औं वार्षिक साधारण सभामा सुझाव एवं सदस्य सहभागिता फारमवाट आएको जिज्ञासा मेटाउने प्रयास गरे। कोन सामुदायिक बचत तथा ऋण सहकारी संस्था लि.का अध्यक्ष तीर्थबहादुर बस्नेतको अध्यक्षतमा भएको कार्यक्रममा लेखा सुपरिवेक्षण समितिका संयोजक ज्ञानेन्द्रप्रसाद सिग्देल, सल्लाहकारद्धय नारायण प्रसाद पराजुली, श्याम कुमार शर्मा, शेयर सदस्य अर्जुन सिग्देल लगायत वोलेको कार्यक्रममा संचालन सचिव शान्त कुमार श्रेष्ठले संचालन र संचालक समितिका सदस्य शारदा पराजुली(सिग्देल)ले सहकारीका सात सिद्धान्तहरु बाचन गरिन। सभा सकिए लगतै शेयर सदस्यरुलाइ १८ प्रतिशत लाभांस पनि सहकारीले जम्मा गर्ने काम सुरु गरेको छ।

## कार्यकारी सम्पादक सिग्देल कोनको प्रेस संयोजक



सोही दिन सभाले पोखरापत्रका कार्यकारी सम्पादक शोभाकान्त सिग्देललाइ प्रेस संयोजकमा चयन गरेको छ।

सिग्देले पुतलीसडक स्थित कान्तिपुर सिटी कलेजवाट पत्रकारितामा प्रथम श्रेणी उत्तीणा गरेका हुन्। नेपाल राष्ट्रिय कलेज नेपालटारवाट स्नातक तहमा पत्रकारिता अध्यापन गर्न सुरु गरेका सिग्देलले विस २०७१ सालदेखी लेकसिटी कलेज एन्ड रिसर्च सेन्टर र भद्रकाली माविमा पत्रकारिता अध्यापन गराउँछन्। सहकारीका उपाध्यक्ष माधवप्रसाद सिग्देलले धन्यवाद ज्ञापन गर्दै

# फेवाकिनारमा डब्लुएचओ नेपालका प्रमुख सहित “वाक द टक”

पोखरापत्र संवाददाता
पोखरा, १६ असोज

विश्व स्वास्थ्य संगठन (डब्लुएचओ)को व्यस्त जीवनपलाई स्वस्थ राख्ने उद्देश्यका शुरु गरिएको ‘वाक द टक’ कार्यक्रम शनिबार पोखरामा सम्पन्न भएको छ।

डब्लुएचओ नेपालका प्रमुख डा. राजेश समबाजीराव पाण्डव सहितको टोलीले पोखराको बाराहीघाट देखि बङ्लादी सम्मको करिब २ किलोमिटर फुटट्राकका हिडेर सो कार्यक्रम सम्पन्न गरेको हो।

डब्लुएचओका नेपालमा प्रमुख डा.पाण्डवले शारीरिक व्यायामका माध्यमबाट शरीरलाई स्वस्थ राख्ने उद्देश्ये शुरु भएको हिड्दै कुरा गर (वाक द टक) कार्यक्रम व्यस्त जीवनका लागि अपरिहार्य हुँदै गएको बताउनुभयो। उहाँले विश्वभरीनै कोभिड १९ को महामारीले मानव जीवनको स्वास्थ्यमा नकरात्मक असर पारेका जनाउँदै स्वस्थ जीवनयापनका लागि शारीरिक व्यायाम महत्वपूर्ण हुँदै गएको बताउनुभयो। सोही क्रममा डा. पाण्डवले पोखराको पहिलो पटक



आएको अनुभव सुनाउँदै यहाँको प्राकृतिक सौन्दर्यताले आफूलाई निकै लोभ्याएको बताउनुभयो।

उहाँले भन्नुभयो “पोखरा निकै सुन्दर लाग्यो, हिमश्रृंखला र तालतलैया निकै लोभलाग्दो रहेछ।” उहाँले पोखरामा पहिलोपल्ट ‘वाक द टक’ कार्यक्रम भएको जनाउँदै यसले एकअर्का बीच आत्मियता र भाइचारा वृद्धि गराउनुका साथै मानसिक स्फूर्ति बढाउने बताउनुभयो। डा. पाण्डवले महामारी अझै पनि निमूर्ल भइनसकेकाले स्वास्थ्य मापदण्ड र सर्तकतालाई हरेक नागरिकले पालना गदै स्वस्थ जीवनयापनमा ध्यान दिन उहाँको आग्रह थियो। डब्लुएचओको ७० औं वार्षिकोत्सवको अवसरमा सन् २०१८ देखि वाक द टक अभियान शुरु भएको हो। यस अभियान नेपालको लुम्बिनी, काठमाडौ, कर्णाली र जनकपुरमा पनि सम्पन्न भइसकेको डब्लुएचओ नेपालका सञ्चार अधिकृत सुधन ज्ञवालीले जानकारी दिनुभयो। उहाँका अनुसार पोखरामा आकस्मिक रुपमा स्वास्थ्यमा काम गर्ने डब्लुएओका प्रतिनिधिहरुसँगको रिभ्यू कार्यशाला चलिरहेको छ, सोही क्रममा पोखराका विभिन्न क्षेत्रका व्यक्तिहरु सहितको टोलीले पोखराको फेवाकिनारमा हिड्दै कुरा गर कार्यक्रम सम्पन्न गरेको थियो। उहाँले व्यस्त जीवनलाई स्वस्थ राख्नका लागि हिड्दै गफ गर्ने र प्रकृतिसँग रमाउँदै एकअर्काबीच कुराकानी गर्दा शारीरिक एवम् मानसिक स्फूर्ति बढ्ने बताउनुभयो। पोखरा पर्यटकीय नगरी भएकाले यहाँको पर्यटन प्रवर्द्धनसँगै स्वस्थ जीवनका लागि हिडौ भन्ने सन्देशका दिनका लागि पनि फेवा किनारमा कार्यक्रमको आयोजना गरिएको उहाँको भनाइ थियो। पदयात्रा अघि कार्यक्रममा सहभागिहरुले फेवा किनारमा योगध्यान समेत गरेका थिए। डब्लुएचओ प्रतिनिधि सहित पोखराका विभिन्न क्षेत्र र संघ संस्था र प्रतिनिधि सहित करिब ५० जनाको सहभागिता रहेको थियो।

# उद्योग धन्दा संचालनमा आइपर्ने बाधा अड्चन फुकाउन पहल गर्छु: मन्त्री बराल

पोखरापत्र संवाददाता
पोखरा, १६ असोज

गण्डकी प्रदेशका अर्थ मन्त्री रामजी प्रसाद बराल जीवनले उद्योग धन्दा संचालन गर्दा कानूनि रुपमा आइपर्ने बाधा अड्चन फुकाउन पहल गर्ने बताउनु भएको छ। फर्निचर तथा फर्निसिङ व्यवसायी संघ कास्कीको शनिबार पोखरामा सम्पन्न भएको १८ औं बार्षिक साधारण सभाको उद्घाटन गर्दै मन्त्री बरालले कानूनि उल्जनबाट उद्योग धन्दा संचालनमा आएका बाधा अड्चन फुकाउन बिषेश पहल गर्ने बताउनु भएको हो।

राज्यले निजी क्षेत्रको पूंजिलाई ठिक ढंगले व्यबस्थित गर्न नसके आर्थिक विकास गर्न नसकिने उहाँको भनाई थियो। देशको पूंजिलाई सकभर बाहिर जानबाट रोक्न व्यवसायीहरुलाई आग्रह गर्दै मन्त्री बरालले सवै उद्योगी व्यवसायीको जीवन स्तरमा सुधार हुने गरी आत्मनिर्भर अर्थतन्त्र कार्यान्वयनको लागि आग्रह गर्नु भयो। उहाँले भन्नुभयो “हामीले सच्चाउनु पर्ने कुरा के हुन त्यसको बारेमा निजी क्षेत्रसंग बसौं छलफल गरौं, नियम कानुनहरु संसोधन गर्नुपर्ने भए यसलाई अब कर्मचारीले पनि आट गर्नुपर्छ, अब कानूनको कारणले गर्दा विकासलाई पछि पार्न पाइदैन्।” प्रदेशलाई अर्थतन्त्रको हिसावले सफल र सवल बनाउन निजी पूंजिलाई ठिक ढंगले परिचालन गर्नुपर्ने मन्त्री बरालको भनाई थियो। करको दर भन्दा पनि करको दायरा बढाउन आवश्यक भएको उहाँको भनाई थियो। संघियता बिरोधीलाई ठिक ढंगले चिनेर उनीहरुलाई परास्थ पार्नुपर्ने मन्त्री बरालले बताउनु भयो।

कार्यक्रममा उद्योग बाणिज्य उपभोक्ता अधिकार संरक्षण क्षेत्रिय कार्यालयका निर्देशक नारायण आचार्यले विना दर्ता कसैले पनि उद्योग धन्दा तथा व्यवसाय संचालन गर्न नपाउने दाबी गर्नु भयो। कानूनको उल्लंघन गर्ने उपर सरकारले ढिलो चाँडो कारवाहीको दायरामा ल्याउने उहाँले चेतावनी दिनु भयो। जिल्ला वन डिभिजन कार्यालय कास्कीका प्रमुख केदार बरालले संघिय सरकारको कानूनमा अझै पनि रुख काट्ने बिषयमा ठुलो झनझट भएको गुनासो गर्नु भयो। संरक्षण मुखि काठको व्यबस्थापन नहुदा करोडौंको काठ कुहिने तर विदेशबाट करोडौंको काठ नेपाल भित्रिने गरेको उहाँको दाबी छ। नेपालकै सामान्य काठलाई सिजनीङ गरेर ४० बर्षसम्म टिकाउ पार्न सकिने प्रमुख बरालले जनाउनु भयो। पोखरा उद्योग बाणिज्य संघका उपाध्यक्ष अर्जुन पोखरेलले नेपालमा अझै पनि दक्ष कर्मचारी अभाव भएको बताउदै कोरोना बिरुद्धको खोपले व्यवसायीमा आसा जागेको बताउनु भयो। संघका गण्डकी प्रदेश अध्यक्ष युवराज पौडेलले पोखरा सहित प्रदेशमा दर्ता विना सयौंको सङ्ख्यामा व्यवसाय संचालन भएको दाबी गर्नु भयो। पोखरा च्याम्बर अफ कमर्सका अध्यक्ष यामनाथ पौडेलले दर्ता विना व्यवसाय संचालन गर्ने बिरुद्ध लाग्नुपर्ने बताउनु भयो। मलेसियाबाट आयातित भएको सालको काठ नेपालमा बिक्रि वितरण ले आम उपभोक्ता ठुलो मारमा पर्ने दाबी गर्नु भयो। फेवा क्लासिकका सिईओ बिष्णु शमाले नेपालमा गुणस्तरिय म्याट्रेस उत्पादन हुने दाबी गर्दै भन्सारमा परिपक्क कर्मचारी आवश्यक भएको बताउनु भयो। संघका अध्यक्ष युवराज बस्नेतको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा संघका निवर्तमान केन्द्रिय अध्यक्ष भूपेन्द्र गिरी, संघ कास्कीका प्रथम उपाध्यक्ष थोमनाथ अर्याल, महासचिव रामजीप्रसाद तिवारी लगायतले वोलेका थिए।

# इन्भेष्टर फोरम कास्कीको अध्यक्षमा श्रेष्ठ

पोखरापत्र संवाददाता
पोखरा, १६ असोज

शेयर मार्केटमा लगानी गर्नेहरुको प्रथम भेलाले अर्जुनकुमार श्रेष्ठको अध्यक्षतामा ९ सदस्यिय इन्भेष्टर फोरम कास्की तदर्थ समिति गठन गरेको छ।

भेलाले उपाध्यक्षमा कमलमोहन कोइराला, सचीवमा मनोज पौडेल र सदस्यहरुमा राजु कुमार श्रेष्ठ, सुर्य लम्साल, शान्ति कडेंल, सन्देश गोदार, क्षितिज बराल र सुदन गुरुङलाई चयन गरेको छ। सो समितिको सल्लाहकार बिनोदकुमार



वैद्य, मेघनाथ कुँवर, युक्तबहादुर सुवेदी र विष्णु पराजुलीलाई चयन गरेको छ। कार्यक्रममा शेयर मार्केटमा देखिएको वर्तमान परि स्थिति, यसका चुनौती र अबसरको बारेमा मनोज पौडेलले प्रशिक्षण दिनु भएको थियो। कार्यक्रम संयोजक मेघनाथ कुँवरले पोखराको इतिहासमा पहिलो ऐतिहासिक संस्था हुने बिश्वास गर्दै लगानी मैत्री प्रशासन हुनु जरुरी रहेको धारणा राखेका थिए। भेलामा भरर्खर शेयर मार्केटमा लागेका कक्षा ११ पढ्ने विद्यार्थी, विभिन्न पेशा व्यवसाय छाडेर शेयरमा लगानी गर्ने, दैनिक शेयरको कारोवार गर्ने देखि ४०/४५ बर्षदेखि शेयरमा लगानी गर्नेहरुको उपस्थिति रहेको थियो। व्यवसायी अर्जुनकुमार श्रेष्ठको अध्यक्षतामा भएको कार्यक्रमको संचालन कमलकुमार कोइरालाले गरेका थिए।

# राइजिङ दोस्रो स्थानमा उक्लियो, लुम्बिनी रेलिगेसनमा

पोखरापत्र संवाददाता
पोखरा, १६ असोज

पोखरामा जारी ‘ए डिभिजन’ राष्ट्रिय फुटसल लिगअन्तर्गत आजको खेलमा विजयी हुँदै ‘द राइजिङ क्लब’ धरान अङ्कतालिकाको दोस्रो स्थानमा उक्लिएको छ। धरानसँगको पराजयसँगै लुम्बिनी फुटसल क्लब रेलिगेशनमा परेको छ।

पोखरा रङ्गशालाभित्रको बहुउद्देश्यीय कभर्डहलमा भएको खेलमा लुम्बिनी धरानसँग ६-५ गोलअन्तरले पराजित भएको हो। जितसँगै राइजिङको आठ खेलबाट १६ अङ्क भएको छ भने लुम्बिनीको समान खेलबाट चार अङ्क मात्र हुँदा रेलिगेशनमा परेको हो। राइजिङको जितमा कप्तान दोर्जे तामाङ, रिवोस मास्के, विकु तामाङ, सुदीप गुरुङ, हेमन्त थापा मगर र मिलन राईले गोल गर्नुभयो। लुम्बिनीका लागि कप्तान रेफी महर्जन, हेमन्त गुरुङ, रुपेन थापा र देवशिस शर्माले गोल गर्नुभएको थियो। शनिबार भएको दोस्रो खेलमा स्पोर्ट्स क्यासलले फुटसल-५ धरानविरुद्ध पुनरागमन जित निकालेको छ। अत्यन्तै प्रतिस्पर्धात्मक खेलमा क्यासलले ३-२ गोलअन्तरले धरानलाई पराजित गर्दै आफ्नो अपराजित यात्रालाई निरन्तरता दिन सफल भयो। खेल सुरु भएको पहिलो मिनेटमै धरानले अग्रता लिएको थियो। धरानका किरण चौधरीले गोल गर्दै अग्रता दिलाए पनि १० औं मिनेटमा क्यासलका सुरेन बुढा मगरले गोल गर्दै खेल बराबरीमा ल्याउनुभयो।

पहिलो हाफ १-१ गोलको बराबरीमा रोकिए पनि दोस्रो हाफमा पुनः धरानले अग्रता लियो। २४औं मिनेटमा किरणले व्यक्तिगत दोस्रो गोल गर्दै धरानलाई अग्रता दिलाउनुभयो। क्यासलका सुमित श्रेष्ठले ३७औं मिनेटमा बराबरी गोल फर्काउनुभयो। क्यासलका कप्तान अञ्जन देवकोटाले ४० औं मिनेटमा निर्णायक गोल गर्दै जित दिलाउनुभयो।

## प्रदेश...

आदिवासि जनतातिलाई समेटेर निर्माण हुने फिल्म क्षेत्रले नेपालको छुट्टै पहिचान गराउने यहाँको भनाई थियो। आदिवासि जनजातिहरुका फिल्ममा मौलिकता, नविनता, जिवन्तता, र परम्परागत भेषभुषा झल्कने हुदा यसको महत्व विश्व बजारमा छुट्टै हुने मन्त्री बरालको भनाई थियो। जसको निती उसैको नेतृत्व आवश्यक हुने बताउनु भएको मन्त्री बरालले आदिवासि जनजाति र उत्पिडनमा परेकाको मुद्धा माओबादीले उठाउदै आएको दाबी गर्नू भयो।

आदिवासी जनजाति चलचित्र महासंघका अध्यक्ष अमृत सुनारले आदिवासि जनजातिहरुको कला संस्कृतिको संरक्षणको लागि प्रदेश सरकारले बजेटको व्यबस्था गर्नुपर्नु माग गर्नु भयो। तमु धिँ नेपालका अध्यक्ष हुमबहादुर तमुले राज्यबाट अझै चलचित्र क्षेत्रलाई विभेद गरेको आरोप लगाउनु भयो। विनियोजन भएको रकम समेत कर्मचारीको कारण रोकिएकोमा मन्त्री बरालको पहलमा निकासा हुने भएको उहाँको भनाई थियो।


संघका अध्यक्ष भोज बहादुर गुरुङको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा प्रथम उपाध्यक्ष गुन्ज बहादुर गुरुङ, कार्यवहाक महासचिव लव्सन गुरुङ लगायतले फिल्मको बारेमा चर्चा गरेका थिए। उक्त अवसरमा गुरुङ चलचित्र क्षेत्रमा उल्लेखनिय रुपमा योगदान पुराएका ५ जना कलाकारलाई सम्मान गरिएको छ। सम्मानित हुनेहरुमा नायिका कास्की मादी गा.पा.की कल्पना गुरुङ, तनहुँ भानुका संगितकर्मी दुर्गा बहादुर गुरुङ, लमजुङ दोर्दी हाल हङकङ बस्दै आउनु भएको गणेश गुरुङ, दोर्दीकी नायिका ज्योति गुरुङ र पर्वत माहाशिलाका संगितकर्मी कृष्ण कुमार गुरुङ रहेका छन्। उहाँहरुलाई मन्त्री बराल, गुरुङ चलचित्रका अभियान्ता एवं कलाकार माओत्से गुरुङ, संघका अध्यक्ष गुरुङले सम्मानपत्रको साथमा खादा माला र दोसल्ला ओढायर सम्मान गर्नु भएको थियो।

कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरूषमा देखिने: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि।

महिलाहरूमा देखिने: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि।

सुन्दरता: अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु।

मलद्वार सम्वन्धी रोग: छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८४६०४११३१

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# मानव मिलन संस्थाको २७ औं स्थापना दिवस

पोखरापत्र संवाददाता
पोखरा, १६ असोज

गण्डकी प्रदेश प्रमुख पृथ्वीमान गुरुङले मानवले सकारात्मक सोचका साथ असल कार्य गर्नुपर्ने बताएका छन् ।

मानव मिलन संस्था, पोखराको २७ औं स्थापना दिवस एवं अन्तर ाष्ट्रिय अहिंसा दिवसको सन्दर्भमा आयोजित शुभकामना आदानप्रसान कार्यक्रममा सम्बोधन गर्दै उनले सो कुरा बताएका हुन् ।

प्रदेश प्रमुख गुरुङले झुठो नबोली, भ्रष्टाचारका क्रियाकलापमा नलागी असल कार्य गर्नुपर्ने सुझाव दिए । उनले मानव मिलन संस्थाका संस्थापक नेपालकेशरी डा. मणिभद्र मुनिजी महाराजको अमृतवाणिको आधामात्र अनुशरण गर्न सके पनि जीवन सुखमय हुने बताए । मानव मिलन संस्थाका संस्थापक नेपालकेशरी डा. मणिभद्र मुनिजी महाराजले कुनै अनुष्ठान गर्नु धर्म नभै आफैं शान्त रहन सक्नु धर्म हो भने । उनले संस्थाको



स्थापनाकालको स्मरण गर्दै अहिंसा धर्म हो भन्दै निःस्वार्थ सेवा गर्नुपर्ने सुझाव दिए । कुनै पनि सेवा गरेर आनन्द नआए समाजसेवाको अर्थ नहुने उनको धारणा थियो । कांग्रेस नेता शुक्रराज शर्माले सानो कुराबाट पनि साधनामा जुट्न सुझाव दिए । उनले डा. मणिभद्र मुनिजी महाराजको कार्यको प्रशंसा गर्दै उहाँको अमृतवाणिको अनुशरण गर्नुपर्ने बताए । उनले नासूवान नहुने बस्तु प्राप्त गर्ने भनेको भगवान्को सानिध्यता नै भएको धारणा व्यक्त गरे ।

मानव मिलन महिला विभागको अन्तर्राष्ट्रिय सचिव सावित्री शर्माले संस्थाले गरेका सेवाका विषयमा प्रकाश पारिन् । साथै उनले अन्तर्राष्ट्रियस्तरबाटै सेवाका कार्य गरेको बताउँदै हाल एम्बुलेन्स सेवा सञ्चालन गरिरहेको र निकट भविष्यमै अपांगता भएका व्यक्तिलाई कृत्रिम खुट्टा प्रदान गर्ने जानकारी दिइन् । कार्यक्रममा मानव मिलन संस्था भारत, सोनी पथका सदस्य राकेश जैन, मानव मिलन युवा समितिका केन्द्रीय अध्यक्ष नवराज सुवेदी, मानव मिलन संस्था स्याङ्जाका संस्थापक अध्यक्ष नारायणप्रसाद पौडेल, मानव मिलन संस्था स्याङ्जाका अध्यक्ष रामचन्द्र पौडेल, मानव मिलन संस्था लेखनाथका अध्यक्ष प्रेम बराल, स्याङ्जा आरुखर्क-पोखरा सम्पर्क समाजका अध्यक्ष यामप्रसाद पौडेल, मानव मिलन नारी जागरणका निवर्तमान उपाध्यक्ष रमा ढकाल, महिला उद्यमी पार्वती पौडेल रेग्मी लगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए ।

मानव मिलन संस्थाका संस्थापक नेपालकेशरी डा. मणिभद्र मुनिजी महाराजको सानिध्यता एवं मानव मिलन संस्था पोखराका अध्यक्ष गुप्तप्रसाद शर्माको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत संस्थाकी प्रथम उपाध्यक्ष कमला शर्मा र सञ्चालन सचिव नम्रता बरालले गरेका थिए ।

# ज्येष्ठ नागरिक दिवसमा ७१ जना सम्मानित

पोखरापत्र संवाददाता
पोखरा, १६ असोज

ज्येष्ठ नागरिक दिवसका अवसरमा पोखरामा ७१ ज्येष्ठ नागरिकलाई सम्मान गरिएको छ ।

राष्ट्रिय परोपकार महासङ्घ नेपाल, नागरिक मिलन केन्द्र एकाइ समितिको आयोजनामा ज्येष्ठ नागरिकलाई सम्मान गरिएको हो । सिद्धेश्वर मन्दिर सभाहलमा आयोजित कार्यक्रममा फूलको गुच्छा र न्यानो ज्याकेटद्वारा सम्मान गरिएको राष्ट्रिय परोपकार महासङ्घ नेपाल वडा एकाइ १५ का कोषाध्यक्ष रामबहादुर बस्नेतले जानकारी दिनुभयो । कार्यक्रमका राष्ट्रिय पारेपकार महासङ्घ केन्द्रीय अध्यक्ष एवं भागवत भाष्कर पण्डित कमलनयन गौतमले आमा बाबा नै इश्वरको रुप रहेको बताउनुभयो । घरमा रहेका बयोवृद्ध साक्षात देवतातुल्य रहनुभएका जन्मदाता बुबाआमाको सम्मान र सेवा गरे देवता खोज्न कतै जानु नपर्ने उहाँको भनाइ छ । पोखरा महानगरपालिका-१५ का वडाध्यक्ष्य प्रकाश पौडेलले ज्येष्ठ नागरिकमैत्री वडा बनाउन प्रयासरत रहेको जानकारी दिनुभाये । कास्की जिल्ला समन्वय समिति सदस्य तोरण बनियाले वडाले ज्येष्ठ नागरिकको समस्यालाई मधयनजर गर्दै छिट्टै घर घरमै पुगेर वृद्धभत्ता दिने व्यवस्था गर्न पहल गर्नुपर्नेमा जोड दिनुभयो ।

सङ्गम बचत तथा ऋण सहकारी संस्थाका संस्थापक अध्यक्ष तथा राष्ट्रिय परोपकार महासङ्घ नेपाल वडा एकाइ १५ का सल्लाकार क्याप्टेन हरिकृष्ण कुँवरलगायतले ज्येष्ठ नागरिकलाई मिठो बोली र सम्मान नै सबैभन्दा ठूलो सम्मान र उपहार हुने बताउनुभयो ।

# जनउत्थानको ११ औ साधरण सभा

पोखरापत्र संवाददाता
पोखरा, १६ असोज

पोखरा महानगर पालिक वाड नं १९ का वडा सदस्य तारा देवि परियार को प्रमुख आतित्थ्यमा जनउत्थान बचत तथा ऋण सहकारी सस्थाको ११औ साधरण सभा सम्पन्न भएको छ ।

समाजमा पछि पारिएका समुदायको नेत्तवमा सफल सहकारी सस्था स्थापना हुनु ऐतिहासिक कुरा बताउदै, कार्यक्रमका प्रमुख अतिथि तारा परियारले आफु पनि यस सहकारी सस्थाको शेयर सदस्य हुने ईच्छा व्यक्त गर्नुभयो ।

३२ जना एसिईई उत्रिण गरेका छात्राछात्रलाई सम्मानपत्रले हौसला प्रदान गरिएको यस कार्यक्रममा जेष्ठनागरिक कुल



बहादुर सुनार र अममाया कामीलाई पनि सम्मान गरिएको थियो । एक करोड शेयरपुजी पुराउन एक घर एक शेयर सदस्य वनाउने महत्वकाक्षीय योजना अघि सारेका यस सस्थाका अध्यक्ष रमेश विश्वकर्माले ७ प्रतिशत वोनस बाढिएको जानाकारी कार्यक्रममा दिनुभयो ।

असल बचत कर्तामा छानिनु भएकि मनकुमारी सुनारलाई सम्मान गर्दै कार्यक्रमका विशेष अतिथि कल्पना सुनारले महिलाको स्थितिमा सुधार भएको मा आफु गद्गद् भएको बताउनु भयो । कार्यक्रम सन्चालन सस्थाका सचिव विक्रम दुबेले गर्नुभएको उक्त कार्यक्रममा महिला सहभागिता उल्लेख्निय रहेको थियो ।

# कांग्रेस मुस्ताङको सभापतिमा गौचन

पोखरापत्र संवाददाता
म्याग्दी, १६ असोज

पूर्वमन्त्री रोमी गौचन थकालीको सभापतित्वमा नेपाली कांग्रेस मुस्ताङको जिल्ला कार्यसमिति चयन भएको छ । थासाङ गाउँपालिका-३ लेतेमा शुक्रबार सम्पन्न जिल्ला अधिबेशनबाट गौचनको नेतृत्वमा २३ सदस्यीय कार्यसमिति चयन भएको हो । कांग्रेस मुस्ताङको निर्वाचन समितिका संयोजक अनन्त आचार्यले सहमतिमा नेतृत्व चयन भएको जानकारी दिनुभयो ।

सभापतिमा निर्वाचित गौचन पूर्व वाणिज्य मन्त्री हुनुहुन्छ । उपसभापतिमा विजय हिराचन, ढोका गुरुङ, सचिवमा विकल शेरचन, छेवाङ नर्बु गुरुङ, सहसचिवमा नम्डुल गुरुङ, सोमल हिराचन र कोषाध्यक्षमा गणेश शेरचन चयन हुनुभएको छ । वडा अधिवेशनबाट चयन भएका क्षेत्रीय प्रतिनिधीले कार्यसमितिका १५ सदस्य पनि सर्वसम्मत चयन गरेका छन् । सभापतिमा निर्वाचित थकालीले जिल्लाका नेता कार्यकर्ताको अपेक्षा अनुसार मुस्ताङमा पार्टीलाई बलीयो बनाउन र एकताको सन्देश दिन आफू नेतृत्वमा आएको बताउनुभयो ।

# 'तोरन्ल गोल्डकप' सञ्चालन गर्न रु ५१ लाखको अक्षयकोष

पोखरापत्र संवाददाता
म्याग्दी, १६ असोज

प्रत्येक तीन/तीन वर्षमा आयोजना हुने 'तोरन्ल गोल्डकप' तारा (आर्चरी) खेल प्रतियोगितालाई निरन्तरता दिन रु ५१ लाखको अक्षयकोष स्थापना गरिएको छ ।

थकाली सेवा समितिले स्वदेश तथा विदेशमा रहेका थकाली समुदायबाट चन्दा सङ्कलन गरेर 'तोरन्ल्ह गोल्डकप अक्षयकोष' स्थापना गरेको हो । समितिका महासचिव रविन भट्टचनले थकाली समुदायको पहिचानसँग जोडिएको तारो खेल संरक्षण गर्न अक्षयकोष स्थापना गरिएको बताउनुभयो । कोषमा निर्माण व्यवसायी महासङ्घका तत्कालीन अध्यक्ष स्व शरदकुमार गौचनका नाममा उहाँकी श्रीमति आशाले रु दश लाख सहयोग गर्नुभएको छ । "दशौँ पटकसम्मको प्रतियोगिता चन्दा र सहयोग जुटाएर सञ्चालन गरेका थियौँ", भट्टचनले भन्नुभयो, "तोरन्ल गोल्डकपलाई निरन्तरता दिन अक्षयकोष बनाएका छौँ ।" कोषको ब्याज आउन थालेपछि प्रतियोगिताको पुरस्कार र व्यवस्थापन खर्च जुटाउन सहज हुने समितिका अध्यक्ष सोमप्रसाद तुलाचनले बताउनुभयो । प्रतियोगिताका विजेतालाई सुनको पाँच तोलाको मेडल, रनिङ शिल्ड, कप र रु एक लाख नगद पुरस्कार व्यवस्था गरेका छन् । दोस्रो, तेस्रो र सान्तवना हुनेले क्रमश रु ५० हजार, रु २५ हजार र रु दश हजार पुरस्कार पाउने समितिले जनाएको छ । सर्वोकृष्ट धनुषकर, विशिष्ट धनुषकर, अनुशासित टोली, ज्येष्ठ र कम उमेरका खेलाडीलाई समेत नगद तथा प्रमाणपत्र प्रदान गरिने उहाँले बताउनुभयो ।

यसैबीच म्याग्दीको बेनीमा शुक्रबारदेखि ११ औँ केन्द्रीय तोरन्ल गोल्डकप अन्तर क्षेत्रीय तारा (आर्चरी) प्रतियोगिता सुरु भएको छ । थकाली सेवा समितिको बेनी क्षेत्रको आतिथ्यतामा तीन दिनसम्म सञ्चालन हुने प्रतियोगितामा देशका विभिन्न ठाउँका १८ समूहका १२६ खेलाडी सहभागी छन् । एक समूहमा एक वैकल्पिकसहित सात जनाले सहभागिता जनाउने यो प्रतियोगितामा प्रतिस्पर्धा गर्ने सबै थकाली समुदायका खेलाडी हुन् । थकाली समुदायको पौराणिक तारो हान्ने खेलको संरक्षण, खेल पर्यटनको विकास र प्रवर्द्धन गर्ने उद्देश्यले आयोजित प्रतियोगिताको प्रतिनिधिसभा सदस्य प्रेमप्रसाद तुलाचनले उद्घाटन गर्नुभयो । समितिले प्रत्येक तीन/तीन वर्षमा तोरन्ल गोल्डकप आयोजना गर्दै आएको छ । विसं २०७७ मा हुनुपर्ने प्रतियोगिता कोरोना भाइरसको जोखिमका कारण एक वर्षपछि धकेलिएको हो । सांसद तुलाचनले थकाली समुदायको भाषा, कला, संस्कृति र संस्कारको संरक्षणमा जोड दिनुभयो । थकाली सेवा समितिअन्तर्गतका क्षेत्रीय समितिले लोपोन्मुख भाषा, संस्कृति र संस्कारको संरक्षणका लागि गम्भीर भएर सोच्न तथा सरकारको ध्यानाकर्षण हुनुपर्ने उहाँले बताउनुभयो ।

मुस्ताङ उद्गम थलो भएका थकाली समुदायले तारो खेललाई मौलिक परम्परा मान्छन् । परापूर्वकालमा खेतीबाली लगाइ र थन्काएपछि मनोरञ्जनका लागि तारो खेल्ने चलन थियो । तारो खेलमा बाँसको धनुषवाण र जरबुटाको तीर हुन्छ । करिब डेढ सय मिटर वारिपारि राखिएका दुई फल्याकमा तीर हान्ने गरिन्छ ।

# २२५ को निःशुल्क आँखा उपचार

पोखरापत्र संवाददाता
बागलुङ, १६ असोज

गलकोट नगरपालिका-७ मल्ममा बिहीबारदेखि आजसम्म चलेको निःशुल्क आँखा शिविरबाट २२५ जनाले लाभ लिएका छन् । श्रीकृष्ण-भैरव आँखा उपचार केन्द्रद्वारा आयोजित शिविरमा ३८ जनाको आँखाको शल्यक्रिया गरिएको छ ।

अन्यले आँखा परीक्षण र उपचार सेवा पाएको केन्द्र व्यवस्थापन समितिका अध्यक्ष लोकबहादुर थापाले जानकारी दिनुभयो । शिविर सञ्चालनका लागि भैरहवामा रहेको श्रीकृष्ण नेत्रालयले प्राविधिक र चिकित्सकीय सेवा उपलब्ध गराएको थियो । नेत्रालयका नेत्र विशेषज्ञ डा सल्मा केसीलगायतको टोलीले आँखाको शल्यक्रिया गरेका थिए । शल्यक्रियामा लाग्ने खर्चका लागि हरि कृष्ण आई केयर फाउण्डेशन र लायन्स क्लब अफ मणिग्राम बुटवलले आर्थिक सहयोग गरेको जनाइएको छ । अर्थाभावका कारण बेलैमा आँखाको परीक्षण गराउन नपाएका ग्रामीण भेगका सर्वसाधारण शिविरबाट लाभान्वित भएको समितिका अध्यक्ष थापाले बताउनुभयो । घरगाउँमै विज्ञ चिकित्सकबाट आँखाको निःशुल्क उपचार गराउन पाउँदा बिरामीमा खुशी छाएको उहाँको भनाइ छ । गत माघमा स्थापना भएको केन्द्रले आउँदा दिनमा पनि निःशुल्क शिविरलाई निरन्तरता दिने भएको छ । स्थानीयस्तरमै आँखासम्बन्धी रोगको परीक्षण एवं उपचार सेवा प्रदान गर्ने उद्देश्यले केन्द्र सञ्चालनमा ल्याइएको थियो । शल्यक्रियाबाहेक सबै उपचार सेवा केन्द्रबाट प्रदान हुने गरेकामा छिट्टै नियमित शल्यक्रिया सेवा पनि शुरु गर्ने तयारी भइहेको छ । दृष्टि जाँच, चश्मा वितरण, आँखा पोल्ने, चिलाउनेलगायत आँखाको प्राथमिक उपचार सेवा केन्द्रबाट प्रदान हुँदै आएको छ । गलकोटमै जन्मनुभएकी डा. केसीको विशेष पहलमा केन्द्र स्थापना भएको हो । अहिलेलाई खाली रहेको रेडक्रस भवनबाट केन्द्र सञ्चालनमा ल्याइएपनि पछि आफ्नै भवन बनाएर अस्पतालकै रूपमा स्तरोन्नति गर्ने योजना व्यवस्थापन समितिको छ । केन्द्र खुलेपछि आँखाको सामान्य उपचारकै लागि टाढाका अस्पताल धाउनुपर्ने बाध्यता हटेको छ ।

# गड्यौलापालनतर्फ किसान आकर्षित

– तोलाकान्त बगाले
वालिङ, १६ असोज

यहाँका किसान अर्गानिक कम्पोष्ट मल बनाउन गड्यौलापालनतर्फ आकर्षित भएका छन् । स्याङ्जाको वालिङ नगरपालिकाभित्रका विशेष गरी कोभिड-१९ प्रभावित र अतिविपन्न परिवारलाई प्राथमिकतामा राखेर निःशुल्क गड्यौलासहित बिन तथा आवश्यक तालिम दिएसँगै किसान थप आकर्षित हुँदै गएका हुन् ।

नगरपालिका र संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम (युएनडिपी नेपाल) को आर्थिक सहयोग तथा वालिङ प्रोडक्ट होल्डिङ बहुउद्देश्यीय सहकारी संस्थाद्वारा सञ्चालित 'हरित पुनःउत्थान प्रवर्द्धन परियोजना' अन्तर्गत वालिङका १४ वटै वडाका किसानलाई जैविक कम्पोष्ट मल बनाउन प्रेरित गरिएको वालिङ प्रोडक्ट होल्डिङ बहुउद्देश्यीय सहकारी संस्थाका अध्यक्ष यामबहादुर गुरुङले जानकारी दिनुभयो । "स्मार्ट सिटीको अवधारणामा अगाडि बढ्दै गरेको यो नगरपालिका फोहोरमैला व्यवस्थापनमा समेत पटक/पटक उत्कृष्ट भई पुरस्कृत भइसकेको छ", अध्यक्ष गुरुङले भन्नुभयो, "मानव स्वास्थ्यलाई ध्यानमा राख्दै कुहिने फोहोरलाई गड्यौले अर्गानिक कम्पोष्ट मलमा परिणत गर्नेछौं ।" खेतबारीमा रासायनिक मल तथा विषादीको प्रयोगमा निरुत्साहित गर्दै अर्गानिक कम्पोष्ट मल बनाउन किसानलाई प्रेरित गर्नका लागि गड्यौलापालनका लागि आवश्यक सामग्री, तालिम तथा गड्यौला वितरण गरिएको अध्यक्ष गुरुङले बताउनुभयो ।

नगरपालिकाभित्र ३१० गाउँ छन् । ती गाउँबाट एक/एक जनाको प्रतिनिधित्व हुने गरी तालिम दिइने र पछि उनीहरूले नै गाउँमा अन्यलाई सिकाउने अध्यक्ष गुरुङको भनाइ थियो । कुहिने फोहोरलाई गड्यौले मल बनाउन प्रयोग गर्न सकिने, विषादी निरुत्साहित गर्ने, रासायनिक मलको प्रयोगमा कमी गर्ने र उत्पादकत्व वृद्धि गर्न यस अभियानले महत्वपूर्ण भूमिका खेल्ने विश्वास कार्यक्रम संयोजक विशाल बगालेको छ । "इच्छुक किसानलाई निःशुल्क गड्यौला, बिन तथा तालीम उपलब्ध गराएका छौँ", संयोजक बगालेले भन्नुभयो, "किसानले उत्पादन गरेका गड्यौला अन्य किसानलाई सहकारीमार्फत बिक्री गरिदिन्छौँ, जसका कारण पनि किसान गड्यौला पालनतर्फ आकर्षित भएका हुन्, गड्यौला प्रतिकिलो रु दुई हजार २०० देखि रु तीन हजारसम्म बिक्री हुने गरेको छ ।" नगरका १४ वटै वडामा लक्षित समूह गठन गरी गड्यौला पालनका फाइदा र गड्यौला पाल्ने विधिका बारेमा प्रशिक्षण प्रदान गरिएको प्रशिक्षक डिलबहादुर गुरुङले बताउनुभयो । "वडाका विभिन्न टोल टोलबाट ७० प्रतिशत महिला र ३० प्रतिशत पुरुषलाई सहभागी बनाएर तालिम दियौँ", प्रशिक्षक गुरुङले भन्नुभयो, "प्रतिकिसान एक किलो गड्यौला र बिन निःशुल्क उपलब्ध गराएका छौँ, अहिले उहाँहरू गड्यौलापालनतर्फ उत्साहित भएर लाग्नुभएको छ ।"

नगरपालिकाभित्र हालसम्म १७१ किलो गड्यौला बिक्री गरेको र अब ९० किलो उपलब्ध गराउने गड्यौला व्यवसायी हुमनाथ लामिछानेले बताउनुभयो । "अहिले गाउँ/गाउँमा किसान गड्यौला पालनतर्फ आकर्षित हुनुभएको छ, गड्यौलाको माग निक्कै बढेको छ", लामिछानेले भन्नुभयो, "लगानी र मिहनत कम लाग्ने तर गड्यौला तथा मल बिक्री गरेर दोहोरो फाइदा लिन सकिन्छ ।"

वालिङ-५ पित्लेकका गड्यौला व्यवसायी लामिछानेले आफ्नो व्यक्तिगत फर्मबाट १०० किलो र अन्य छिमेकीको बाट ७१ किलो गड्यौला प्रतिकिलो रु एक हजार ७०० का दरले बिक्री गर्नुभएको हो । बिरुवाले यसमा भएका खाद्यतत्वलाई सजिलैसँग लिन सक्दछ भने यो मल अरु मलभन्दा गुणस्तर मानिन्छ । यो मलको प्रयोगले रासायनिक मलको उपलब्धता बढाउँछ र बाली बिरुवाको वृद्धि विकास पनि छिटो हुने गर्छ । झारपात र घरमा निस्कने कुहिने फोहोरबाट गड्यौलापालन गरी जैविक मल उत्पादन गर्न सकिन्छ ।

